# पश्चिमाञ्चल यातायात ब्यवसायी समिति

## प्रधान कार्यालय-बुटवल

बाबुराम अधिकारी

### बिगत देखी आगत सम्म

पश्चिमाञ्चल ट्रक ब्यवसायी समितिको नाम बाट बि.सं. २०३६ सालमा जन्म भएको यस पश्चिमाञ्चल यातायात ब्यवसायी समितिले बिभिन्न आरोह अवरोह पार गर्दै अहिले आफ्नो **छैठौं अधिवेशन तथा नवौं वार्षिक साधारण सभा** को संघारमा आईरहेको छ । तत्कालीन अवस्थामा केही सचेत ब्यवसायीहरुको सानो समुहले संस्था खोली ब्यवसायीहरुको पक्षमा काम गर्ने जमर्को गरे पनि त्यसबेलाको मुलुकको राजनैतिक अवस्थाले गर्दा यसको समुचित प्रगती भएको पाईदैन । सामान्य रुपमा भेला हुने र आपसी छलफल बाहेक अन्य सकारात्मक कार्यहरु त्यस बेला हुन सकेनन् अपितु अग्रज ब्यवसायीहरु संस्थालाई निरन्तरता दिने काममा लागी परे ।

बि.सं. २०४५/०४६ सालमा भएको निरंकुश पञ्चायती ब्यवस्थाका बिरुद्ध जन आन्दोलन हुने क्रममा भारत सरकारले नेपाल माथी नाकाबन्दी गऱ्यो । ईन्धनको आपूर्ति हुन सकेन जसका कारण ट्रकहरु चल्न नसक्ने अवस्थामा रहे । यात्रुबाहक सवारीहरुलाई संघ/समितिको नामबाट कोटा प्रणालीमा जिल्ला प्रशासन कार्यालयले ईन्धनको ब्यवस्था गरेको थियो भने ट्रकहरुलाई त्यसको ब्यवस्था पनि थिएन शुसुप्त अवस्थामा रहेको तत्कालीन पश्चिमाञ्चल ट्रक ब्यवसायी समितिको नेतृत्व गर्दै तत्कालीन अध्यक्ष श्री रामेश्वर प्रसाद श्रेष्ठको नेतृत्वमा जिल्ला प्रशासन कार्यालयमा प्रतिनिधि मण्डल गई यस क्षेत्रमा सञ्चालित ट्रकहरुको लागी कोटा प्रणाली अन्तरगतको ईन्धन उपलब्ध गराउने ब्यवस्था त गऱ्यो त। ब्यवस्थीत कार्यालयको ब्यवस्था नहुन र संस्थामा आवद्ध ट्रकहरुको अभिलेख समेत नभएका कारण उक्त उपलब्ध भएको ईन्धन समेत प्रयोगमा ल्याउन समस्या आएका कारण तत्काल कार्यालयको ब्यवस्थागरी ट्रकहरुलाई आवद्ध हुन र सदस्यता लिनका लागी अभिप्रेरीत गर्ने काम भयो जसबाट ब्यवसायीहरुलाई संस्थागतरुपमा संगठीत हुनु पर्दे रहेछ भन्ने भावना क्रमशः जागृत हुदै आयो । हुनतः तत्कालीन राजनैतिक कारणले पनि मानीसहरुलाई सांगठानीक प्रकृया सम्बन्धमा धेरै थोरै जागरुक बनाउने काम गरीरहेको थियो । तर पनि यस पेशामा सम्लग्न ब्यवसायीहरुमा चेतनाको अभाव कायमै थियो । जव २०४६ सालको जनआन्दोलन सफल भयो तव केही मात्रमा राजनैतिक चेतनाको क्रममा बद्धि हुन थाल्यो ब्यवसायीहरु पनि आफूहरु संगठीतरुपमा लाग्नु पर्दछ भन्ने भावना पलाउने थाल्यो । जसको फलस्वरुप बि.सं. ०४७ सालमा पुनः जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा पश्चिमाञ्चल ट्रक ब्यवसाय समिति दर्ता भई न्वारन गर्ने कार्य भयो ।

बि.सं. ०४७/०४८ को पूर्व सन्ध्यामा देशमा आएको परिवर्तन सँगै अधिराज्यभरका यातायात ब्यवसायीहरु पनि आफ्नो हक हित र संरक्षणका खातिर जुरमुराउन थाले । तत्कालीन अवस्थामा यातायात ब्यवसायीहरुको एक मात्र छाता संगठन नेपाल यातायात ब्यवसायी महासंघ थियो जसमा बस,ट्रक,जिप सम्पूर्ण यातायातका सवारीका साधनका संघ/समितिहरु आवद्ध थिए । तर उक्त महासंघले खास गरी ट्रक ब्यवसायीहरुको पक्षमा कहिल्यै काम गर्न सकेन । जहिले पनि ट्रक ब्यवसायीहरु भिन्न रुपमा आफ्नो अस्तित्व कायम गरी ढुवानी ब्यवसायीको छुट्टै संस्था खडा गर्ने कुरामा आतुर थिए । फस्वरुप त्यतिबेलै अधिराज्यभरलाई समेट्ने गरी नेपाल ट्रक ब्यवसायी केन्द्रीय संघको गठन भई ढुवानी ब्यवसायलाई मर्यादितरुपमा सञ्चालन गर्ने पहल शुरु भयो ।

बिरगञ्ज र बुटवलमा राष्ट्रिय स्तरका भेला सम्मेलन पनि भए तर ताहा पनि आपसी गुटबन्दी नेतृत्वको हान थाप तथा केन्द्रीय संघले पनि आशातीत काम गर्न नसकेतापनि समष्टिरुपमा ट्रकहरुलाई आलोपालो पद्धति अनुसार केही समय सञ्चालन गर्ने जमर्को नभएको चाँही होईन । बि.सं. २०४८ साल देखी लगभग ०५२ साल सम्म बिभिन्न समस्याहरुलाई पार गर्दै तत्कालीन अध्यक्ष श्री रामेश्वर प्रसाद श्रेष्ठको नेतृत्वमा बुटवल भैरहवामा ट्रकहरुको सु-ब्यवस्थित सञ्चालन गर्ने काम भई रहदा उद्योगी ब्यापारीहरुको दवावमा जिल्ला प्रशासन कार्यालयले मिति ०४८/५/७ गतेका दिन प्रहरी फोर्स लगाएर तत्कालीन सचिव श्री गणेश प्रसाद पन्त,सह-सचिव बाबुराम अधिकारी का.का.स. भक्ति प्रसाद पाण्डे कर्मचारी लोक बहादुर के.शी. लाई गिरफ्तार गरी थुन्ने कार्य भयो । संस्थाको बैंक खाता बन्द गरीयो,आलोपालो भंग भई ब्यवसायीहरुलाई छिन्न भिन्न गर्ने कार्य भयो । त्यसका बिरुद्ध ब्यवसायी तह बाट शशक्तरुपमा आन्दोलन गर्ने घोषणा भयो । त्यतिबेलै राष्ट्रिय स्तरमै भेला बुटवलमा सम्पन्न गरी प्रशासनको ज्यादती बिरुद्ध खेद प्रस्ताव पास गर्दै गिरफ्तार गरीएका पदाधिकारीहरु तत्काल रिहा,बैंक खाता फुकुवा,आलोपालोको निरन्तरता जस्ता माग राखी देशब्यापी रुपमा आन्दोलनको घोषणा भए पछि प्रशासनबाट सचिव श्री गणेश प्रसाद पन्त बाहेक अरुलाई छोडीयो भने गणेश प्रसाद पन्तलाई राजनैतिक आस्थाको आधारमा सार्वजानीक मुद्धा चलाउने कार्य भयो ।

उपरोक्त घटनाक्रम सँगै संस्थाले आफ्नो क्रियाकलाप निरन्तर जारी राख्यौं,आफ्ना सचिव बिरुद्धको मुद्धामा डटेर अघि बढ्ने प्रण गऱ्यो तर पनि प्रशासनले अन्तिम म्याद सम्म थुनामै राखी हतकडि समेत लगाई म्याद थमाउदैं राख्यो र अन्तमा धरौटीमा रिहा गऱ्यो । त्यस घटनाबाट ब्यवसायीको पक्षमा झनैं आत्मबिश्वासका साथ लाग्नु पर्छ भन्ने भावनाले ओतप्रोत तत्कालीन कार्य समितिले ब्यवसायीको पक्षमा तन मन र बचनले अगाडी बढ्ने दृढताका साथ अघि बढ्यो जसको फलस्वरुप संस्थाले सरकारी निकायबाट हुने ढुवानी ठेक्का पट्टा समेत आफैले लिई सञ्चालन गऱ्यो । नेपाल खाद्य संस्थान,कृषि सामाग्री संस्थान,लुम्बिनी चिनि कारखाना लि.जस्ता सरकारी निकायको ठेक्का लिई ढुवानी ब्यवसायीलाई राहत हुने कार्य समेत गऱ्यो । समय चक्र सँगै बि.सं २०४९ सालमा समितिको साधारण सभा तथा अधिवेशनले श्री महेन्द्र बहादु हमाल ज्यू को अध्यक्षतामा कार्य समितिको गठन गऱ्यो । सो कार्य समितिले पनि बिगतको कार्यसमितिको कार्यलाई निरन्तरता दिदै अगाडी बढ्यो तथापी बिभिन्न परिस्थीतिबस फेरी संस्थामा शिथिलता आउन थाल्यो,कार्य समितिको बैठकको गणपुरक संख्या समेत पुग्न छाड्यो,आलोपालो प्रणाली तुहिएर गयो । समयले ब्यवसायीहरुको ओझेलमा पारी दियो संस्थालाई । तथापी त्यस समयमै कामै चाही नभएको होईन । त्यस कार्यकालको कार्य समितिले यातायात मजदुर बिमा,बिमा कम्पनिको सम्झौता आफै गरी मृतक यातायात मजदुरहरुलाई सरल ढंगबाट बिमा वापत पाउने रकम दिलाउने जस्ता कार्यहरु गरी नै रहयो । भने त्यति बेलै बिधान शंसोधन गरी “पश्चिमाञ्चल ट्रक ब्यवसायी समितिबाट पश्चिमाञ्चल यातायात ब्यवसायी समिति” नामाकरण समेत गऱ्यो । प्रशासनीक दवाव,उद्योगी ब्यापारीहरुको आक्रमण,ब्यवसायीहरुको आपसी फुटका कारण बि.सं. २०५२ साल पछि संस्था शुन्य प्रायः स्थितिमा गयो । कर्मचारी तलव,घरभाडा आदी समेत तिर्न नसक्ने अवस्था आए पछि सबै कर्मचारीहरुलाई बिदा दिई संस्थाका भौतीक सामाग्री,कागजात समेत अध्यक्ष श्री महेन्द्र बहादुर हमालको घरमा थन्कीन पुगे ।

ब्यवसायीहरुको प्यारो संस्था,त्यसरी धारासायी भएपछि आफ्नो अबिभावक गुमाएको बालक जस्तै बन्न पुगे ब्यवसायीहरु,ढुवानी ब्यवसाय झनै कठिन अवस्थामा पुग्यो । संस्था बिना ब्यवसाय चलाउन नसकीने महशुस गरी पुनः बि.सं. ०५६ सालमा अग्रज ब्यवसायीहरु श्री गुप्त बहादुर के.शी.,लोकराज पोखरेल,खुम बहादुर भण्डारी,बेगम किशोर पुनः गणेश प्रसालद पन्त लगायतको पहलमा सम्पूर्ण ब्यवसायीहरुको सक्रियतामा भेला बोलाई संस्थालाई पुर्नजिवन दिने पहल शुरु भयो संस्था नविकरण समेत भएको थिएन,संस्थालाई नविकरण गर्ने,सदस्यता बितरण गर्ने र ब्यवसायीहरुलाई राहत दिने जस्ता कार्यक्रमहरु तयार गरी सो प्रतिनिधि मण्डलले पूर्व अध्यक्ष श्री रामेश्वर प्रसाद श्रेष्ठ श्री महेन्द्र बहादुर हमालहरु सँग परामर्श गरी ०५६ साल भाद्र ५ गतेका दिन ब्यवसायी भेला बोलाई पुनः श्री महेन्द्र बहादुर हमाल कै नेतृत्वमा तदर्थ समिति निर्माण गरी संस्था नविकरण गर्ने र घरभाडामा खोजी बुटवल-१२ रामनगरमा कार्यालय स्थापना गर्ने कार्य भयो । साथै ब्यवसायीहरलाई सामान्य सहयोग पुऱ्याउने हेतुले प्रति ट्रिप रु.२०/- ट्रिपशुल्क उठाई संस्था पनि सञ्चालन गर्ने र दुर्घटना हुँदा सामान्य सहयोग पुऱ्याउने कार्य शुभारम्भ भयो,तथापी सो कार्य समेत गतिशिल हुन सकेन,संकिर्ण सोचाई,ब्यवसाय प्रतिको उदाशिनता यस्का प्रमुख कारक तत्व बन्न पुगे । फलस्वरुप संस्था पुरानै अवस्थामा जाने निश्चित प्रायः भयो जस्ले नेतृत्व तह कसरी जाने भन्ने बिषयमा पुनः चिन्तीत बन्न पुग्यो ।

बि.सं.२०५७ सालमा पुनःब्यवसायी भेला बोलाई संस्थालाई क्रियाशील बनाउने भन्ने बिषयमा बहस शुरु भयो,अन्ततः ०५७ सालको भाद्र महिनामा ब्यवसायी भेला बोलाई आधिकारीक कार्य समिति गठन भयो,जुन कार्यसमिति प्रत्येकले संस्थामा रु.१०,१० हजारका दरले रकम जम्मा गर्ने निर्णय समेत गरी पुनः महेन्द्र बहादुर हमालकै अध्यक्षतामा अत्यान्तै जुझारु टिमको कार्य समिति बन्यो,जसले संस्थाको जन्म देखी अहिले सम्मकै उदाहरणीय कार्यहरु गरी संस्थालाई चलायमान मात्रै गराएन राष्ट्रीय स्तरमै संस्थाको नाम उचो राख्ने काम गऱ्यो । कानुन सम्मत भारवाहनको अवधारणा ल्याई सडक तथा पुलहरुको संरक्षण गर्ने राज्यको दायीत्व समेत आफ्नो काँधमा लिई राष्ट्र सेवातर्फ उन्मुख बन्यो भने भारतीय गाडीहरुको निर्वाध आगमनलाई रोक्ने प्रयास गरी राष्ट्रीयता प्रति आफूलाई उभ्याउने कार्य समेत गऱ्यो । उपरोक्त कार्यमा देशी,बिदेशी दलाल,राष्ट्र सेवाका नाममा राष्ट्र लुट्न पल्केका कथित राष्ट्र सेवकहरु,राष्ट्रका पहरेदारका रुपमा रहेका कथित पहरेदार तथा राष्ट्रिय अर्थतन्त्रको बिकास गर्ने नामका राष्ट्रलाई नै सुकुम्बासी बनाउने कथित उद्योगी ब्यवसायी,तस्कर एवम् कम राजस्व तिरी करोडौ कमाउन पल्केका कथित ट्रान्सपोर्ट तथा एजेण्टहरु हाम्रो त्यस प्रकारको कार्यमा दिलो ज्यानले प्रतिशोधमा उत्रिए,प्रशासनीक निकाय खरिद गरी झुठ्ठा मुद्धा लगाउन समेत पछि परेनन् सम्बन्धित निकाय,सडक बिभाग यातायात ब्यवस्था कार्यालय,प्रहरी,ट्राफिक प्रहरी,स्थानीय प्रशासन समेत हाम्रो बिरुद्धमा उत्रियो । जसले गर्दा यस्ता राष्ट्रिय हितका प्रश्नहरु स्थानीय स्तरमा मात्रै सिमिति नराखी अधिराज्य ब्यापी बनाउनु पर्छ,जस्का लागी राष्ट्रीय नेतृत्व आवश्यक पर्छ भन्ने

सोचाई भई यसै पश्चिमाञ्चल यातायात ब्यवसायी समितिको पहलमा आफ्नै आयोजना तथा आतिथ्यतामा अधिराज्यभरीका ट्रक संघ/समितिहरुको राष्ट्रिय भेला यही बुटवल नगरीमा आयोजना गरी केन्द्रीय समिति बनाउने निर्णय भई सोही वर्ष ०५८ साल माघ २४ गते पुनः आफ्नै आयोजना र आतीथ्यमा नेपाल ट्रक ब्यवसायी केन्द्रीय संघको प्रथम राष्ट्रीय महाधिवेशन बुटवलमै सम्पन्न गरी श्री माधव अधिकारीको अध्यक्षतामा केन्द्रीय संघ गठन गरी राष्ट्रियरुपमा परिचत गराउने काम समेत यसै संस्थाले गऱ्यो भने हाल उक्त केन्द्रीय संघ ढुवानी ब्यवसायीहरुको छाता संगठन नेपाल ट्रक टयाङ्कर तथा परिवहन ब्यवसायी महासंघको नामले राष्ट्रीय स्तरमा परिचित छ भने जस्को हालको नेतृत्व समेत यसै समितिका अध्यक्ष श्री अर्जुन रानाभाटको अध्यक्षतामा बन्न पुगेको छ ।

यसरी बि.सं. ०५७ साल पछि पुनः क्रियाशील यस समितिको बि.सं.०५९ साल कार्तिक ८ र ९ मा तेश्रो अधिवेशन सम्पन्न भई श्री महेन्द्र बहादुर हमालको अध्यक्षतामा कार्य समिति गठन गऱ्यो जसले पूर्व निर्धारीत कार्यहरुलाई निरन्तरता दिदै आगामी रणनितिलाई नयाँ रुप दिने संकल्प सहित अगाडी बढ्ने अठोट गऱ्यो । हुनतः बि.सं.०५७ साल पछिको कार्य समितिले तय गरेका केही नितिहरु जस्तै भारवाहन क्षमता नियन्त्रण,भाडादर कायम,दुर्घटना हुँदा ब्यवसायीलाई राहत लगायतका कार्यहरु समेत थिए । जस्मा दुर्घटना राहत लगायतका कार्यहरु समेत थिए । जस्मा दुर्घटना राहतलाई पहिलो प्राथामिकता दिई बिमा कम्पनी सँग सम्झौता गरी दुर्घटना हुँदा तत्काल राहत प्रदान गर्ने र ब्यवसायी मजदुरहरुलाई कानुनी झमेलाबाट उम्काउने जस्ता कार्य समेत थिए । ति सबैलाई अझ परिमार्जीत गर्दै सके सम्म ब्यवसायीहरुलाई बढि सहयोग पुऱ्याउने,यातायात मजदुरहरुलाई सुविधामा बृद्धि गरी बढि सेवामुखी बनाउने कार्यमा निरन्तर लागी रहयो । यसरी सो समितिको कार्यकालमा सदस्य ब्यवसायी सहित सामाजीक क्षेत्रमा समेत अतुलनिय योगदानहरु भए । बि.सं.०५७ साल देखी बि.सं. ०६१ सम्म शिक्षण संस्था,सामाजिक संघ संस्था,क्लवहरु गरीव,असाहाय जस्ता क्षेत्रमा अत्यान्तै सकारात्मक रुपमा लगानी गरी समाजमा आफ्नो छबि उच्च राख्न सफल रहयो ।

यस समितिले यहाँ आईपुग्दा आफ्ना सदस्य ब्यवसायीहरुलाई अत्याधीक आर्थिक सहयोग गरेको छ भने ०५७/०५८ को कार्यकालका जुझारु योद्धाहरुको गतिशिल कार्य योजना अन्तरगत दुर्घटनामा अत्याधीक लगानीका बाबजुद पनि आफ्नै जग्गा खरिद गरी ०५९ सालमा भवन समेत निर्माण गर्न सफल रहयो ।

बि.सं.०६१ सालमा समितिको पाँचौं साधारण सभा तथा चौथो अधिवेशन सम्पन्न भई श्री अर्जुन रानाभाटको अध्यक्षतामा नयाँ कार्यसमिति बन्यो र उक्त कार्य समितिले अझै नयाँ उचाईका साथ लक्षमा पुग्ने अठोट गऱ्यो । श्री अर्जुन रानाभाटको अध्यक्षतमा गठीत नयाँ कार्य समितिले ढुवानी ब्यवसायमा भएको अस्वस्थ्य प्रतिष्पर्धालाई बैज्ञानिकीकरण गर्ने,भारवाहन क्षमता भन्दा बढि ढुवानी गर्न नदिने,न्यूनतम भाडादर कायम गर्ने,बिमा कम्पनि सँगको सम्झौता बमोजिम कार्य गर्दा बढि झन्झटिलो र समयमा ब्यवसायीहरुलाई राहत दिन नसकेको निर्क्यौल निकाली दुर्घटना सम्बन्धि सम्पूर्ण कार्य समिति आफैले गर्ने जस्ता सकारात्मक कदम अगाडी बढायो जसका कारण यस समिति प्रति ब्यवसायीहरुको आकर्षण झनै बढ्न थाल्यो । समितिले बिभिन्न उप-समितिहरु गठन गरी हरेक क्षेत्रमा पारदर्शीरुपमा कार्य गरीरहेको छ । जसले गर्दा प्रत्येक सेक्टर चलायमान र गतिशिल अवस्थामा रहेको छ । बिगत २ कार्यकाल बर्तमान अध्यक्ष श्री अर्जुन रानाभाट कै नेतृत्वमा क्रियाशील रहयो र जुझारु टिमका कारण कार्यकाल अत्यान्तै सफल रही आएको समेत छ । तत्कालीन बरिष्ठ उपाध्यक्ष श्री लोकराज पोखरेल को संयोजकत्वमा हितकोष उप-समिति,सह-सचिव श्री प्रताप बहादुर कार्कीको संयोजकत्वमा दुर्घटना उप-समिति गठन भई दुर्घटना सम्बन्धमा जटिल भन्दा जटिल केशहरु मिलान गरी ब्यवसायीलाई सक्दो सहयोग पुऱ्याउन सफल भयो । भने अझ त्यस्मा पनि ०६१/०६२मा तत्कालीन अध्यक्ष श्री अर्जुन रानाभाट र कोषाध्यक्ष लाल बहादुर श्रेष्ठ ज्यू ले आफेले पाउने मासीक पारीश्रमीकलाई गरीव तथा जेहेन्दार छात्रबृति अक्षयकोष स्थापना गर्ने जस्तो सह्रायिन कार्य यस अधिवेशनमा भयो भने सो छात्रबृतिबाट प्रत्येक वर्ष १६०००/- का दरले गरीव तथा जेहेन्दार मध्येका यसै क्षेत्रका बिषेश गरी यातायात ब्यवसायी तथा यातायात मजदुरहरुका छोराछोरीबाट प्रा.बि.,नि.मा.बी.र मा.बि. गरी ७ जना छात्र छात्राहरुलाई दुई शैक्षिक सत्र बितरण गरी सकिएको छ । बि.सं.२०६३ साल ज्येष्ठ ७ गते देखी नेपाल ट्रक टयाङ्कर तथा परिवहन ब्यवसायी महासंघको समन्वयमा अधिराज्य भरी आलोपालो पद्धति सुचना केन्द्र मार्फत सञ्चालन हुँदा यस पश्चिमाञ्चल यातायात ब्यवसायी समितिले सोही मितिबाट सुचना केन्द्र स्थापना गरी करिव २ वर्ष नियमितरुपमा आलोपालो सेवा प्रदान गऱ्यो जसले ब्यवसायीहरुले लगानीको न्यूनतम प्रतिफल पाऊन सफल रहे । भने ०६३ सालको कार्तिक १७ र १८ गते सम्पन्न समितिको सातौं साधारण सभा एवं पाँचौ अधिवेशनबाट पुन श्री अर्जुन रानाभाट ज्यू कै अध्यक्षतामा नयाँ कार्य समिति निर्विरोध रुपमा निर्वाचित भयो आलोपालो प्रणाली सञ्चालन गर्दा आईरहने बिभिन्न समस्याहरुको सहि पहिचान गरी त्यसको निराकरण र समाधान गर्ने कुरामा ब्यवस्थपनको जिम्मा पाऊनु

भएका यस समितिका सचिव श्री राकेश कुमार शाही ज्यू को नेतृत्वमा अत्यान्तै फलदायी रहयो। ब्यवस्थापनमा रहनु भएका सदस्य ज्यूहरुको कर्तब्यनिष्ठ र आत्मबिश्वासी कार्यको परिणाम २ वर्षको आलोपालो सेवा निरन्तर अबिचलित भई चल्न सफल रहयो। भने यस कार्यकालमा पनि समितिको कार्य प्रभावकारीताको हिसावमा महत्व दर्शाउने दुर्घटना सम्बन्धी कार्यका लागी बरिष्ठ उपाध्यक्ष श्री राजु गुरुङ्को संयोजकमा दुर्घटना हितकोष उप-समिति र सह-सचिव श्री प्रताप बहादुर कार्की ज्यू को संयोजकत्वमा दुर्घटना उप-समिति गठन भई दुर्घटना सम्बन्धमा जटिल भन्दा जटिल केशहरु मिलान गरी ब्यवसायीलाई सक्दो सहयोग पुऱ्याउन सफल भयो।

यसरी सरसर्ती हेर्दा बिगतमा शुन्यबाट बामे सर्न शुरु गरेको यो समिति हाल ५ करोड  लगभगको बजेटका साथ तपाईहरु सामु छ भने लगभग १००० को हाराहारीमा सहयात्री ब्यवसायीहरुको हातेमालोमा आफूलाई हिडाउन सफल छ। त्यसको साथ साथै केन्द्रीय नेतृत्व समेत लिन सफल भई यो समिति मात्र नभई मुलुक भरकै ब्यवसायीहरुको हक,हित तथा संरक्षण सम्बर्धनमा समेत अग्रणी भुमिका निर्वाह गर्ने प्रतिनिधि बनाउन समेत सफल भएको छ।

जन-आन्दोलन ०६२/०६३ को समयमा आफुलाई आन्दोलनमा सक्रिय बनाई लोकतन्त्रको पक्षमा निडर र अटल रुपमा लागी परेको यो समिति राष्ट्रसेवा,राष्ट्रियता समेतमा आफुलाई खरो उतारेको छ। माथी उल्लेखीत सन्दर्भ सामाग्रीहरुमा सबै कार्यकालका कर्मठ योद्धाहरुको बिस्तृत जानकारी गराउन नसकिएकाले शुरु कार्यक्रम देखी हाल सम्मको कार्य समितिको नामावलि क्रमशः राख्ने प्रयास गरीएको छ।

यसरी समग्रमा जन्म देखी हाल सम्म यस समितिको निरन्तर क्रियाशिलता,अबिचलित लगनशिलता,श्यवसायी उत्साह,सक्षम नेतृत्व,कुशल सञ्चालन बिधि,नितिगत स्पष्टता आर्थिक पारदर्शिता यस्का उच्चतम मुल्य र मान्यता रही आएकोले भावी दिनहरुमा समेत सोही बमोजिम अबिरल निष्ठायुक्त रहि रहोस यहि हामी सबैको सुभेच्छा।